बैठक संख्या: २०८२/८३-१६

आज मिति २०८३/०२/०५ गते मंगलबारका दिन बिहान ९ बजे सिद्ध कुमाख गाउँ कार्यपालिकाको बैठक सिद्ध कुमाख गाउँपालिकाको अध्यक्ष श्री भरत गिरी ज्यूको अध्यक्षतामा सिद्ध कुमाख गाउँपालिकाको बैठकहलमा देहायको सदस्यहरुको उपस्थितिमा बसी देहाय बमोजिमको प्रस्ताव उपर छलफल गरी विभिन्न निर्णयहरु गरियो।

उपस्थिति:

| सि.न. | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भरत गिरी | अध्यक्ष | |
| २ | श्री राम बहादुर बस्नेत | उपाध्यक्ष | |
| ३ | श्री अर्जुन जंग शाह | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री रमेश चलाउने | वडाध्यक्ष, १ नं वडा | |
| ५ | श्री मेक बहादुर बुढाथोकी | वडाध्यक्ष, २ नं वडा | |
| ६ | श्री जिवराज बोहरा | वडाध्यक्ष, ३ नं वडा | |
| ७ | श्री खर्कविर रोका | वडाध्यक्ष, ४ नं वडा | |
| ८ | श्री चुडामणी रेउले | वडाध्यक्ष, ५ नं वडा | |
| ९ | श्री बुदी कुवर | कार्यपालिका सदस्य | बुदी |
| १० | श्री आशा परियार | कार्यपालिका सदस्य | |
| ११ | श्री करुणा राना बस्नेत | कार्यपालिका सदस्य | करुणा |
| १२ | श्री मनि सार्की | कार्यपालिका सदस्य | मनि |
| १३ | श्री केशर परियार | कार्यपालिका सदस्य | |
| १४ | श्री भिम बहादुर विक | कार्यपालिका सदस्य | |

अन्य उपस्थिति:

१. श्री भिमलाल भण्डारी — सूचना प्रविधि अधिकृत सातौं

२. श्री राम कुमार डाँगी — रोजगार संयोजक

३. श्री बल बहादुर चलाउने — का स

CamScanner

सिद्ध कुमाख गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

ढोरचौर, सल्यान

कर्णाली प्रदेश, नेपाल

प.स. २०८२।८३
च.न.

मिति २०८३/०२/०५ गते बस्ने कार्यपालिकाको बैठकमा अध्यक्ष द्वारा प्रस्तवित एजेण्डा :

१. अघिल्लो बैठकको समिक्षा सम्वन्धमा।

२. शोक प्रस्ताव पारित गर्ने सम्वन्धमा ।

३. मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट तथा सिफारीस सम्वन्धमा ।

४. काजमा गएका कर्मचारी पदस्थापना सहमति सम्वन्धमा ।

५. सहयोग प्रदान गर्ने सम्वन्धमा ।

६. विशेष अनुदानको वजेट बाँडफाड सम्बन्धमा

७. पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको निर्णय अनुमोदन सम्वन्धमा ।

८. आर्थिक सहायता सम्वन्धमा ।

९. विविध ।

प्रमाणित भयो।

CamScanner

**प्रस्ताव नं १ अघिल्लो बैठकको समिक्षा सम्बन्धमा।**

**निर्णय नं १:**

यस अघि मिति २०८२/०१/२३ गते बसेको गाउँ कार्यपालिकाको पन्धौ बैठकका पारित निर्णयहरु कार्यान्वयन भए/नभएको भन्ने सम्बन्धमा व्यापक छलफल गरि समिक्षा गरियो।

**प्रस्ताव नं २ शोक प्रस्ताव पारित गर्ने सम्बन्धमा ।**

**निर्णय नं २:**

सिद्ध कुमाख गाउँपालिकाका कार्यपालिका सदस्य श्री केशर परियारका पिता सिद्ध कुमाख गाउँपालिका वडा नं २ टाकुरा निबासी श्री कलिराम दमाईको मिति २०८३/०२/०३ गते ७३ वर्षको उमेरमा भएको असामयिक निधनको खबरले यस सिद्ध कुमाख गाउँपालिका र गाउँ कार्यपालिका परिवारलाई अत्यन्त स्तव्ध बनाएको छ । दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकाकुल परिवारजन प्रति गहिरो समवेदना प्रकट गर्दै शोक प्रस्ताव पारित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं ३ मुख्यमन्त्री रोजगार कार्यक्रमका लागि योजना छनौट तथा सिफारीस सम्बन्धमा ।**

**निर्णय नं ३:**

मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च. नं. ३०१० मिति २०८३/१/२२ गतेको पत्रानुसार आ.व. २०८३/८४ को लागि कर्णाली प्रदेश सरकार मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सिद्ध कुमाख गाउँपालिकाका सम्बन्धित वडा कार्यालयबाट छनौट तथा सिफारिस भई आएका तपशिल वमोजिमका आयोजनाहरु संघ, प्रदेश र स्थानीय तह वा कुनै पनि निकायबाट संचालित वा संचालन हुने आयोजनासँग दोहोरोपन नपरेको, कार्यान्वयन योग्य भएको, कार्यान्वयनको तयारी पुरा भएको जानकारी गराउदै तहाँ कार्यालयबाट उक्त आयोजनामा आवश्यक बजेट विनियोजन भएपश्चात पुनः संशोधन वा रकमान्तर गर्न नपर्ने र सोको लागि अनुरोध समेत नगरिने प्रतिवद्धता व्यक्त गर्ने निर्णय सर्वसम्मत पारित गरियो ।

तपशिल

| सि.नं. | आयोजनाको नाम | वडा नं. | आयोजना कार्यान्वयन हुने स्थान | आयोजनाको क्षेत्र/ उपक्षेत्र | बजेट |
|---|---|---|---|---|---|
| १ | त्रिवेणी मेलचौर पदमार्ग निर्माण योजना | १ | त्रिवेणी/ मेलचौर | पर्यटन पूर्वाधार (पदमार्ग) | १५००००० |

प्रमाणित भयो।

भरत गिरी
अध्यक्ष

| | | | | | |
|---|---|---|---|---|---|
| २ | बिच पक्की सिचाई कुलो निर्माण योजना | २ | सानाघारी | सिचाई | १५००००० |
| ३ | गतेर्ना देखि मुर्तिलेख पर्यटन पदमार्ग निर्माण योजना | ३ | गतेर्ना/फलाँटे | पर्यटन पूर्वाधार (पदमार्ग) | १५००००० |
| ४ | नौधारी माथिल्लो सिचाई कुलो विस्तार तथा मर्मत योजना | ४ | दारिमटाकुरा | सिचाई | १५००००० |
| ५. | मंगरा खोलादेखि डुरा नेटा हुदै सिमखेत सिंचाई कुलो निर्माण योजना | ५ | दहगाउँ | सिचाई | १५००००० |

**प्रस्ताव नं ४ काजमा गएका कर्मचारी पदस्थापना सहमति सम्बन्धमा ।**

**निर्णय नं ४:**

सिद्ध कुमाख गाउँपालिका र गौरीगंगा नगरपालिका कैलालीको दोहोरो सहमतिका आधारमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७७/११/२५ को निर्णयानूसार यस गाउँपालिकाबाट गौरीगंगा नगरपालिका कैलालीमा कामकाज गर्ने गरि खटिएका देहायका कर्मचारीलाई खटिएकै नगरपालिकामा पदस्थापनाका लागि सहमति प्रदान गर्ने निर्णय गरियो ।

| क्र.स. | कर्मचारीको नाम थर | पद/तह | सेवा/ समुह | पदाधिकार रहेको स्थानीय तह | पदस्थापना हुने कार्यालय |
|---|---|---|---|---|---|
| १. | राम बहादुर सिंह | सब इन्जिनियर पाँचौ | इन्जिनियरिङ सिभिल | सिद्ध कुमाख गाउँपालिका सल्यान | गौरीगंगा नगरपालिका कैलाली |

**प्रस्ताव नं ५ सहयोग प्रदान गर्ने सम्बन्धमा ।**

**निर्णय नं ५:**

जिल्ला ट्राफिक प्रहरी कार्यालय, सल्यानले सिद्ध कुमाख ३ ढोरचौरमा रहेको अस्थायी प्रहरी पोष्टबाट सवारी साधनहरुबाट हुन सक्ने सम्भावित दुर्घटनाहरु न्यूनिकरण गर्नको लागि मादक पदार्थ सेवन चेकजाँच मेसिन(ब्रेथलाईजर) आवश्यक परेको भनि सिद्ध कुमाख गाउँपालिकामा सहयोगको लागि पत्राचार गरेको हुदाँ उक्त कार्यको लागि ब्रेथलाईजर खरिद गर्न यस गाउँपालिकाको अन्य संस्था सहायता शिर्षकबाट सहयोग गर्ने निर्णय गरियो ।

प्रमाणित गर्ने

भरत गिरी
अध्यक्ष

CamScanner

**प्रस्ताव नं ६ विशेष अनुदानको बजेट बाँडफाड सम्बन्धमा ।**

**निर्णय नं ६:**

यस सिद्ध कुमाख गाउँपालिकामा आव २०८२/८३ का लागि विशेष अनुदानका रुपमा शैक्षिक गुणस्तर सुदृढीकरण कार्यक्रमका लागि रु १ करोड ३० लाख विनियोजन भइ आएकोमा सो रकमलाई विशेष अनुदान सम्वन्धि (पहिलो संशोधन) कार्यविधि, २०८२ बमोजिम तपशिलको शैक्षिक विकासको लागि सेवाको गुणस्तर अभिवृद्धि सम्वन्धि पूरक शैक्षिक पूर्वाधार कार्यक्रममा मिति २०८२ पौष २४ गतेको ८ औ कार्यपालकि वैठकले बजेट बाँडफाड गरी कार्यान्वन गर्ने गराउने निर्णय गरेकोमा विद्यालयमा शौचालय निर्माण तथा मर्मतमा रु १५ लाख विनियोजन गरिएको थियो । उक्त रकमलाई तपशिल बमोजिमका सामुदायिक विद्यालयको शौचालय निर्माण तथा मर्मत गर्न देहाय बमोजिम बाँडफाड गर्ने निर्णय गरियो ।

तपशिल:

| सि.न. | विद्यालयको नाम | लागत अनुमान | कैफियत |
|---|---|---|---|
| १ | श्री सरस्वती आवि घरेली | ३ लाख | शौचालय निर्माण |
| २ | श्री महेन्द्र आदर्श मावि बाँझकाडा | ३ लाख | शौचालय मर्मत |
| ३ | श्री निराजन मावि ढोरचौर | २ लाख ५० हजार | शौचालय मर्मत |
| ४ | श्री जनता कालिका आवि चिनाली | ४ लाख | शौचालय निर्माण |
| ५ | श्री शान्ति सुन्दर मावि खार्वन | २ लाख ५० हंजार | शौचालय मर्मत |

**प्रस्ताव नं ७ पालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको निर्णय अनुमोदन सम्वन्धमा ।**

**निर्णय नं ७:**

सिद्ध कुमाख गाउँपालिका स्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिको मिति २०८३ जेठ ५ गते वसि पारित गरेका निर्णयहरु सर्वसम्मतले अनुमोदन गर्ने निर्णय गरियो ।

भरत गिरी
अध्यक्ष

## प्रस्ताव नं ८. आर्थिक सहायता सम्बन्धमा।

**निर्णय नं ८**

सिद्ध कुमाख गाउँपालिकाको विभिन्न वडा कार्यालयबाट सिफारिस भइ आएका तपसिलका व्यकि / संस्थाहरुलाई तपसिल बमोजिमको आर्थिक सहायता दिने निर्णय गरियो।

| क्र. सं | आर्थिक सहायता पाउने व्यकिको नामथर | स्थायी ठेगाना | आर्थिक सहायता पाउने कारण | आर्थिक सहायता रकम |
|---|---|---|---|---|
| १ | दुर्गालाल गिरी | सिद्ध कुमाख ३ सल्यान | हावाहुरीले घरको जस्ता पाता उडाएर क्षति पुर्याएको | रु १५ हजार मात्र |
| २ | काली बुढाथोकी | सिद्ध कुमाख १ सल्यान | हावाहुरीले घरको जस्ता पाता उडाएर क्षति पुर्याएको | रु १० हजार मात्र |
| ३ | कमला विक | सिद्ध कुमाख १ सल्यान | हावाहुरीले घरको जस्ता पाता उडाएर क्षति पुर्याएको | रु १५ हजार मात्र |

## प्रस्ताव नं ९ विविध सम्बन्धमा।

**निर्णय नं ९**

सिद्ध कुमाख गाउँ कार्यपालिकाको मिति २०८१/०७/२९ गतेको निर्णय नं ६ को सम्वन्धमा सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५ बमोजिम कायम हुनेगरी निर्णय गरियो ।

प्रमाणित भयो।

भरत गिरि
अध्यक्ष

CamScanner